**BMC Research Journal**
**ISSN**: 2795- 1731
Peer-reviewed Multidisciplinary
Open Access Journal
Indexed in Nepjol

**Birendra Bidhya Mandir Campus**
Tikapur, Kailali, Nepal
Url:www.birendracampus.edu.np

Research Article

# नेपालका राजनीतिक दलहरूमा आन्तरिक लोकतन्त्र

–उत्तमबहादुर खड्का
सहायक प्राध्यापक,
पशुपति बहुमुखी क्याम्पस, काठमाडौँ

Published by: Research Management Cell, BMC,Tikapur, Kailali, Nepal
Publication: June 2026, Volume: 5, BMC Research Journal
Corresponding Author: Uttam Bahadur Khadka, Email: khadkauttar2046@gmail.com
Orcid: https://orcid.org/0009-0000-3079-4380
Copyright @ The Author(s).The publisher may reuse the article(s) as per the prior permission of the concerned author(s).

**लेखसार**

राजनीतिक दलहरूमा आन्तरिक लोकतन्त्र भन्नाले राजनीतिक दलभित्र नेतृत्व चयन, निर्णय प्रक्रिया, नीतिनिर्माण तथा संगठन सञ्चालनमा पार्टीका सदस्यहरूको सहभागिता, स्वतन्त्र विचार अभिव्यक्ति, पारदर्शिता र विधानअनुसार लोकतान्त्रिक अभ्यास हुने व्यवस्था हो।नेपालको लोकतान्त्रिक विकासमा राजनीतिक दलहरूले केन्द्रीय भूमिका निर्वाह गरेका छन् तर लोकतान्त्रिक मूल्यहरूको प्रवर्द्धन गर्ने यी दलहरूभित्र नै आन्तरिक लोकतन्त्रको अवस्था कमजोर रहेको विषय व्यापक रूपमा उठ्दै आएको छ। यस अध्ययनले राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाली कांग्रेस, नेकपा (एमाले), तथा नेपाली कम्युनिस्ट पार्टी जस्ता प्रमुख दलहरूमा आन्तरिक लोकतन्त्रको अवस्था, चुनौती र सुधारका सम्भावनाहरूको विश्लेषण गरेको छ ।अध्ययन मुख्यतः द्वितीयक तथ्यांकमा आधारित गुणात्मक अनुसन्धान हो। राजनीतिक दलका विधान, निर्वाचन आयोगका प्रतिवेदन, विद्वतापूर्ण लेख, कानुनी दस्तावेज तथा सञ्चारमाध्यमका सामग्रीहरूको विषयगत विश्लेषण गरिएको छ। अध्ययनले नेतृत्व चयन, उम्मेदवार मनोनयन, समावेशिता, आर्थिक पारदर्शिता तथा नेतृत्वको जवाफदेहितालाई विश्लेषणका प्रमुख आधारका रूपमा लिएको छ।अध्ययनको अनुसार अधिकांश दलहरूमा निर्णय प्रक्रिया अझै पनि सीमित शीर्ष नेतृत्व, गुटीय शक्ति र अनौपचारिक सहमतिमा केन्द्रित रहेको पाइन्छ। नेतृत्व परिवर्तन कमजोर रहेको, उम्मेदवार छनोट केन्द्रीकृत भएको तथा धन, नातावाद र गुटबन्दीले आन्तरिक लोकतन्त्रलाई प्रभावित पारेको देखिन्छ। समावेशी प्रतिनिधित्व संख्यात्मक रूपमा बढे पनि वास्तविक निर्णय प्रक्रियामा सीमित समूहकै प्रभुत्व कायम रहेको निष्कर्ष अध्ययनले प्रस्तुत गरेको छ।अध्ययनले आन्तरिक लोकतन्त्र सुदृढ बनाउन नियमित र निष्पक्ष आन्तरिक निर्वाचन, नेतृत्वको कार्यकाल सीमा, आर्थिक पारदर्शिता तथा सहभागी निर्णय प्रक्रियाजस्ता सुधार आवश्यक रहेको सुझाव दिएको छ। समग्रमा, नेपालको लोकतन्त्रको गुणस्तर राजनीतिक दलहरूको आन्तरिक लोकतान्त्रिक अभ्याससँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेको अध्ययनले निष्कर्ष निकालेको छ ।

***मुख्य शब्दावली :*** आन्तरिक लोकतन्त्र, राजनीतिक दल, नेतृत्व चयन, समावेशिता, गुटबन्दी, नेपाल।

## विषयप्रवेश

राजनीतिक दल आधुनिक लोकतान्त्रिक शासन व्यवस्थाको आधारभूत संस्था मानिन्छन् ।लोकतन्त्रको संस्थागत विकास, जनप्रतिनिधित्व, नीतिनिर्माण तथा राज्य र नागरिकबीचको सम्बन्धलाई सुदृढ बनाउन

राजनीतिक दलहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्दछन् ।विशेषतः बहुदलीय लोकतान्त्रिक व्यवस्थामा राजनीतिक दलहरू जनताको राजनीतिक सहभागिताको प्रमुख माध्यमका रूपमा स्थापित भएका छन् । दलहरूले नागरिकका विचार, माग र आकांक्षालाई राज्य संरचनासम्म पुर्याउने, नेतृत्व उत्पादन गर्ने तथा शासन सञ्चालनमा वैधानिक प्रतिस्पर्धा गर्ने कार्य गर्दछन्। त्यसैले लोकतन्त्रको गुणस्तर राजनीतिक दलहरूको आन्तरिक संरचना, व्यवहार र लोकतान्त्रिक संस्कृतिसँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ ।आन्तरिक निर्वाचनको उदाहरण लिऔँ । कागजमा नियमित रूपमा महाधिवेशन हुने व्यवस्था भए पनि, व्यवहारमा नेतृत्व चयन प्रायः सहमति, भागबण्डा वा प्रभावशाली नेताको इच्छाअनुसार तय हुने गर्छ । यसले प्रतिस्पर्धात्मक लोकतन्त्रभन्दा "निर्देशित लोकतन्त्र" जस्तो रूप दिन्छ। युवाहरू, महिलाहरू र नयाँ सोच भएका व्यक्तिहरूका लागि प्रवेशको ढोका खुला भएजस्तो देखिए पनि, वास्तविक पहुँच सीमितहुन्छ । केही दलहरूले डिजिटल सहभागिता, खुला बहस र पारदर्शी प्रक्रियातर्फ साना तर महत्वपूर्ण कदम चालिरहेका छन् । यी प्रयासहरूलाई यदि संस्थागत रूपमा मजबुत बनाइयो भने, आन्तरिक लोकतन्त्र सुदृढ हुन सक्छ।समग्रमा, नेपालको दलगत राजनीतिमा आन्तरिक लोकतन्त्र देखाउने संरचनाबाट जीवित अभ्यास मा रूपान्तरण हुन बाँकी छ। यसका लागि स्पष्ट नियम, नियमित र निष्पक्ष निर्वाचन, नेतृत्वमा जवाफदेहिता, र कार्यकर्ताको वास्तविक सहभागिता अपरिहार्य छन् । यसको सबैभन्दा सामान्य तथा शाब्दिक अर्थ भनेको पार्टीका सदस्यहरूद्वारा गरिने शासन हो(Baral, 2012)। यसलाई राजनीतिक दलहरूले राष्ट्रिय स्तरमा लोकतन्त्रलाई प्रवर्द्धन गरे पनि तिनीहरू आन्तरिक रूपमा सधैं लोकतान्त्रिक हुँदैनन्(Cross, 2013)।

आन्तरिक पार्टी लोकतन्त्रका विभिन्न स्तरहरू हुन्छन् । आन्तरिक रूपमा लोकतान्त्रिक दलहरूमा निर्णय प्रक्रिया तल्लो तहबाट माथिल्लो तहसम्म जाने सिद्धान्तअनुसार सञ्चालन हुन्छ, जसमा जरा तहबाट सुरु भई क्रमशः उच्च तहसम्म पुग्ने प्रक्रिया समावेश हुन्छ(Nuzhat, 2004)। लोकतान्त्रिक शासन व्यवस्थामा राजनीतिक दलहरू अपरिहार्य संस्था मानिन्छन् । यी दलहरूले नागरिक र राज्यबीच मध्यस्थकर्ताको भूमिका निर्वाह गर्छन् । दलहरूले विभिन्न हितहरूलाई एकत्रित गर्छन्, नेतृत्वको चयन तथा विकास गर्छन्, नीतिहरू निर्माण गर्छन् र निर्वाचन प्रतिस्पर्धालाई संरचित बनाउँछन् । विभिन्न विद्वानहरूले लोकतन्त्रको संस्थागत सुदृढीकरण केवल संवैधानिक संरचनामा मात्र निर्भर नहुने, राजनीतिक दलहरूको आन्तरिक लोकतन्त्रीकरणमा पनि निर्भर हुने तर्क गरेका छन् । (Scarrow, 2020) उनका अनुसार आन्तरिक लोकतन्त्रले सक्षम र दक्ष नेतृत्व चयन गर्ने अवसर प्रदान गर्छ, जसले जनउत्तरदायी नीतिहरू निर्माण गर्न सक्छ र निर्वाचनमा बढी सफलता हासिल गर्न सक्छ। राजनीतिक दलहरूले आफूले प्रचार गर्ने लोकतान्त्रिक मूल्यहरू व्यवहारमा पनि लागु गरेमा मात्र लोकतन्त्रको सुदृढीकरणमा योगदान दिन सक्छन् । (Cross,

2013)का अनुसार राजनीतिक दलहरूले राष्ट्रिय स्तरमा लोकतन्त्रको प्रवर्द्धन गरे तापनि उनीहरू स्वयं आन्तरिक रूपमा सधैं लोकतान्त्रिक नहुन सक्छन् । एउटा लोकतान्त्रिक दल त्यस्तो दल हो जसले आफ्ना सदस्यहरूलाई स्वतन्त्र रूपमा विचार व्यक्त गर्ने अवसर दिन्छ, महिलाको सहभागितालाई प्रवर्द्धन गर्छ, फरक मतलाई सहनशीलतापूर्वक स्वीकार गर्छ, निर्णय प्रक्रियामा सदस्यहरूको सहभागिता सुनिश्चित गर्छ र नेताहरूलाई सदस्य तथा समर्थकप्रति उत्तरदायी बनाउँछ(Nuzhat, 2004)।

नेपालको सन्दर्भमा राजनीतिक दलहरू आधुनिक राजनीतिक रूपान्तरणका प्रमुख पात्र रहेका छन् । २०४६को जनआन्दोलनले बहुदलीय प्रजातन्त्र पुनःस्थापित गर्यो, २०५२-६३ सम्म चलेको माओवादी सशस्त्र द्वन्द्वपछि भएको राजनीतिक परिवर्तन र अन्ततः २०७२ सालमा संविधान जारी भई संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो । नेपालको संविधान २०७२ तथा राजनीतिक दलसम्बन्धी ऐन २०७३ ले दलभित्र नियमित आन्तरिक निर्वाचन, प्रतिस्पर्धा, समावेशिता, फरक मतप्रति सम्मान तथा संस्थागत निर्णय प्रक्रियालाई लोकतन्त्रको आधारका रूपमा मान्यता दिएको छ।तथापि, संवैधानिक संरचनाले समावेशी लोकतान्त्रिक आदर्शलाई प्रतिबिम्बित गरे तापनि राजनीतिक दलहरूको आन्तरिक शासन संरचना प्रायः त्यसअनुसार विकास हुन सकेको देखिँदैन।राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाली कांग्रेस, नेकपा (एमाले) तथा नेपाली कम्युनिस्ट पार्टी जस्ता प्रमुख दलहरूले नेपालको राजनीतिक दिशालाई आकार दिएका छन् । जस्तै नेकपा (एमाले) को ११औं महाधिवेशनलाई लिन सकिन्छ। उक्त महाधिवेशनले नेपालका राजनीतिक दलहरूमा आन्तरिक लोकतन्त्र संस्थागत हुँदै गएको संकेत दिएको देखिए पनि व्यवहारमा भने अझै पूर्ण रूपमा खुला र प्रतिस्पर्धात्मक लोकतन्त्र विकास हुन बाँकी रहेको स्पष्ट हुन्छ। नेतृत्व चयन प्रक्रियामा प्रतिस्पर्धा देखिए तापनि प्रभावशाली नेताहरूको प्रभाव र शक्ति सन्तुलनले परिणाम निर्धारण गर्ने प्रवृत्ति अझै कायम रहेको देखिन्छ। त्यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टीले डिजिटल सम्मेलन आन्तरिक लोकतन्त्रलाई आधुनिक र छिटो बनाउने प्रयास गरेको छ। डिजिटल प्रविधिको प्रयोगले सहभागिता बढाउने, निर्णय प्रक्रियालाई सहज बनाउने तथा नयाँ पुस्तालाई आकर्षित गर्ने अवसर सिर्जना गरेको देखिन्छ तर सबै सदस्यको समान डिजिटल पहुँच नभएकाले यसमा केही सीमितताहरू पनि देखिएका छन् । विशेषतः ग्रामीण क्षेत्र, प्रविधिमा कम पहुँच भएका सदस्य तथा डिजिटल साक्षरताको अभावले समान सहभागितामा चुनौती सिर्जना गरेको छ।त्यसैले डिजिटल सहभागिताले लोकतान्त्रिक अभ्यासलाई आधुनिक बनाएको भए पनि समानता सुनिश्चित गर्न थप सुधार आवश्यक देखिन्छ। समग्रमा नेपालको दलगत राजनीतिमा आन्तरिक लोकतन्त्र देखाउने संरचनाबाट जीवित अभ्यासमा रूपान्तरण हुन अझै बाँकी छ। यसका लागि स्पष्ट नियम, नियमित तथा निष्पक्ष निर्वाचन, नेतृत्वमा जवाफदेहिता, पारदर्शी निर्णय प्रक्रिया तथा कार्यकर्ताको वास्तविक सहभागिता

अपरिहार्य देखिन्छ। २०७९ सालको स्थानीय, प्रदेश तथा प्रतिनिधि सभा निर्वाचनमा पनि दलहरूको आन्तरिक लोकतन्त्र कमजोर रहेको देखियो । उम्मेदवार छनोट प्रायः केन्द्रिय नेतृत्वको नियन्त्रणमा रह्यो, तल्लो तहको सहभागिता सीमित भयो र गठबन्धन राजनीतिले आन्तरिक प्रतिस्पर्धालाई झनै कमजोर बनायो । टिकट नपाएका केही नेताहरू स्वतन्त्र वा विद्रोही उम्मेदवारका रूपमा देखापरे । लोकतन्त्रको सुदृढीकरण केवल संविधान र कानुनी संरचनाबाट मात्र सम्भव हुँदैन राजनीतिक दलहरू स्वयं लोकतान्त्रिक संस्कृतिको अभ्यासमा प्रतिबद्ध भएमा मात्र नेपालको लोकतान्त्रिक प्रणाली अझ प्रभावकारी र जनमुखी बन्न सक्छ।

## अनुसन्धानको औचित्य र महत्त्व

राजनीतिक दलहरूको संगठन लोकतान्त्रिक सिद्धान्तका लागि एक गम्भीर चुनौतीको रूपमा प्रस्तुत हुन्छ। एकातिर, सामूहिक निर्णय-निर्माण र जनउत्तरदायित्वलाई सुदृढ बनाउन राजनीतिक दलहरूको अत्यन्त महत्वपूर्ण भूमिका रहेको कुरा लगभग सबैले स्वीकार गर्छ् । अर्कोतिर, धेरै राजनीतिक दलहरू आन्तरिक रूपमा लोकतान्त्रिक छैनन्, जसका कारण साधारण सदस्य तथा समर्थकहरूबाट अत्यन्त कम सहभागिता र सुझाव आउने गर्दछ ।राजनीतिक दलहरूको संरचनाभित्र आन्तरिक लोकतन्त्रको अभावलाई विश्वका विकसित लोकतन्त्रहरूमा राजनीतिक दलहरूको अवनतिको संकेतका रूपमा हेरिन्छ भने विकासोन्मुख लोकतन्त्रहरूमा यसलाई राजनीतिक दलहरूको प्रमुख कमजोरीका रूपमा लिइन्छ। वास्तवमा, राजनीतिक दलहरूलाई विभिन्न स्वार्थ समूहहरूलाई संस्थागत गर्दै लोकतान्त्रिक प्रगतिलाई अवरुद्ध गर्ने आरोप पनि लाग्ने गरेको छ।नेपालको लोकतन्त्रको स्वास्थ्य राजनीतिक दलहरूको आन्तरिक सशक्तता र जीवन्ततासँग घनिष्ठ रूपमा जोडिएको छ।दलभित्रको कमजोर आन्तरिक लोकतन्त्रले शासन प्रणाली, सार्वजनिक विश्वास तथा नीतिगत प्रभावकारितामा प्रत्यक्ष असर पार्ने गर्दछ।

## संस्थागत अखण्डता

युरोपका धेरै राजनीतिक दलहरू वैधताको संकटसँग जुधिरहेका बेला उनीहरूले आफ्नो संगठनात्मक संरचनामा परिवर्तन गर्दै आन्तरिक लोकतन्त्रलाई सुदृढ बनाउने नयाँ र प्रत्यक्ष प्रक्रियाहरू अपनाएका छन्। उदाहरणका लागि, पश्चिम युरोपका केही दलहरूले उम्मेदवार तथा नेतृत्व चयनका विधिहरूमा सुधार गरी पार्टी सदस्यहरूलाई सहभागी हुने थप अवसर प्रदान गरेका छन् आन्तरिक लोकतन्त्रको अभाव राष्ट्रिय लोकतन्त्रका लागि घातक हुन सक्छ र यसले राज्य सञ्चालनमा समस्या सिर्जना गर्न सक्छ। यसले

राजनीतिक दलभित्र गुटबन्दी बढाउने मात्र होइन, कहिलेकाहीँ दलको विघटनसम्म पनि पुर्याउन सक्छ । यदि राजनीतिक दलहरू स्थिर र लोकतान्त्रिक हुन्छन् भने राज्य पनि स्थिर र लोकतान्त्रिक हुन्छ ।नेपालमा पछिल्ला वर्षहरूमा राजनीतिक नेतृत्वप्रति सार्वजनिक असन्तुष्टि बढ्दो छ। नातावाद, आश्रय-आधारित राजनीति, र अस्पष्ट उम्मेदवार छनोट प्रक्रियाका आरोपहरूले लोकतान्त्रिक संस्थाहरूमाथिको विश्वास कमजोर बनाएको छ। जब पार्टीका टिकट वितरणलाई लेनदेनमुखी वा पूर्वनिर्धारित रूपमा हेरिन्छ, तब निर्वाचनको वैधतामा पनि प्रश्न उठ्छ। तर, यस्ता सुधारका प्रयासहरूमा नेपालका राजनीतिक दलहरू प्रायः पश्चिमी लोकतान्त्रिक दलहरूको तुलनामा पछाडि देखिन्छन् ।

## नीतिगत सुधारको सान्दर्भिकता

नेपालको निर्वाचन आयोगले राजनीतिक दलहरूको दर्ता प्रक्रिया नियमन गर्ने तथा संविधानले व्यवस्था गरेको समावेशी प्रतिनिधित्वसम्बन्धी कोटाहरूको पालना भए नभएको अनुगमन गर्ने कार्य गर्दछ। तर, दलहरूको आन्तरिक आर्थिक पारदर्शिता तथा आन्तरिक निर्वाचन प्रक्रियाको निगरानी भने अझै सीमित रहेको देखिन्छ।आन्तरिक पार्टी लोकतन्त्रसम्बन्धी अनुभवजन्य अनुसन्धानले आवश्यक नीतिगत सुधारका प्रयासहरूलाई मार्गदर्शन गर्न सक्छ। विभिन्न प्रतिवेदन, लेख तथा अनुसन्धानहरूले पनि नेपालको लोकतन्त्रले सामना गरिरहेका धेरै समस्याहरू राजनीतिक दलहरूभित्र आन्तरिक लोकतन्त्रको अभावका कारण उत्पन्न भएको उल्लेख गरेका छन् ।यस अध्ययनले नेपालको राजनीतिक दलहरूको लोकतान्त्रिक अखण्डता सुदृढ बनाउन आवश्यक शासन सुधारहरू पहिचान गर्दै राजनीतिक कार्यकर्ताहरू, नीतिनिर्माताहरू तथा विद्वानहरूका लागि महत्वपूर्ण अन्तरदृष्टि प्रदान गर्दछ।

## शैक्षिक योगदान

यस अध्ययनले नेपालको राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्रको अवस्था, संरचना र व्यवहारलाई समालोचनात्मक दृष्टिले विश्लेषण गर्दै राजनीतिक विज्ञान र लोकतान्त्रिक अध्ययन क्षेत्रमा केही महत्वपूर्ण शैक्षिक योगदान गरेको छ। पहिलो, यसले आन्तरिक पार्टी लोकतन्त्रलाई केवल सैद्धान्तिक अवधारणाका रूपमा नभई नेपालको समकालीन राजनीतिक अभ्याससँग जोडेर व्याख्या गरेको छ, जसले सिद्धान्त र व्यवहारबीचको अन्तरलाई स्पष्ट पार्न सहयोग पुऱ्याउँछ।नेपालका प्रमुख राजनीतिक दलहरूभित्र देखिने केन्द्रीकरण, गुटबन्दी, उम्मेदवार छनोट प्रक्रिया, र समावेशिताको अवस्थालाई विश्लेषण गर्दै दलगत लोकतान्त्रिकीकरणसम्बन्धी स्थानीय सन्दर्भमा आधारित ज्ञान उत्पादन गरेको छ यसले विकासोन्मुख

लोकतन्त्रहरूमा दलभित्र शक्ति संरचना कसरी काम गर्छ भन्ने बुझाइलाई अझ गहिरो बनाउँछ । डजिटल सहभागिता, युवा पुस्ताको बढ्दो असन्तुष्टि, र नयाँ राजनीतिक दलहरूको उदयजस्ता समकालीन प्रवृत्तिहरूलाई आन्तरिक लोकतन्त्रसँग जोडेर विश्लेषण गरेको छ, जसले राजनीतिक रूपान्तरण र दलगत नवप्रवर्तनबारे नयाँ दृष्टिकोण प्रदान गर्छ । यस अनुसन्धानले नीति निर्माणका लागि उपयोगी निष्कर्षहरू प्रस्तुत गर्दै आन्तरिक निर्वाचन, पारदर्शिता, कार्यकाल सीमा र समावेशिताजस्ता सुधारका पक्षहरूलाई प्राथमिकतामा राखेको छ। यसले भविष्यका अनुसन्धानकर्ताहरू, नीतिनिर्माताहरू र राजनीतिक दलहरूको संगठनात्मक सुधारका लागि सैद्धान्तिक तथा व्यावहारिक आधार प्रदान गर्दछ।समग्रमा, यो अध्ययनले नेपालमा आन्तरिक पार्टी लोकतन्त्रसम्बन्धी शैक्षिक साहित्यलाई विस्तार गर्दै स्थानीय अनुभवमा आधारित विश्लेषणात्मक ढाँचा विकास गर्न योगदान पुऱ्याएको छ।

## अनुसन्धानका प्रश्न र उद्देश्यहरू

### अनुसन्धान प्रश्नहरू

(क) नेपालका प्रमुख राजनीतिक दलहरूमा आन्तरिक लोकतन्त्रको अवस्था कस्तो छ?

(ख) राजनीतिक दलहरूभित्र नेतृत्व चयन, उम्मेदवार मनोनयन र निर्णय प्रक्रियामा सदस्यहरूको सहभागिता कत्तिको प्रभावकारी छ ?

(ग) दलभित्र आन्तरिक लोकतन्त्र कमजोर हुनुका प्रमुख कारणहरू र यसको सुधारका सम्भावनाहरू के-के हुन ?

यस अध्ययनको मुख्य उद्देश्य नेपालका प्रमुख राजनीतिक दलहरूमा रहेको आन्तरिक लोकतन्त्रको संयन्त्रलाई समालोचनात्मक रूपमा अध्ययन गर्नु हो। विशेष रूपमा यस अनुसन्धानका उद्देश्यहरू निम्नानुसार छन् :-

(क) नेतृत्वको परिवर्तन र पारदर्शिता अध्ययन गर्ने:दलभित्र हुने अधिवेशन तथा नेतृत्व चयन प्रक्रियाको आवृत्ति र निष्पक्षताको अध्ययन गर्ने तथा आजीवन नेता प्रवृत्ति वा औपचारिक मतदान जस्ता प्रवृत्तिले नयाँ नेतृत्वको उदयलाई कति अवरोध पुर्याइरहेको छ भन्ने विषयको विश्लेषण गर्ने ।

(ख) आन्तरिक दलगत लोकतन्त्रका अवरोधहरू पहिचान गर्ने : आन्तरिक दलगत लोकतन्त्रका प्रमुख अवरोधहरूमा धनको प्रभाव, नातावाद र गुटबन्दी प्रमुख रूपमा देखिन्छन् । धनको प्रभावका

कारण आर्थिक रूपमा सक्षम व्यक्तिहरूले निर्णय प्रक्रियामा बढी नियन्त्रण राख्छन्, जसले योग्य र सक्षम कार्यकर्ताहरूलाई पछाडि पार्छ ।

(ग) नेतृत्वको जवाफदेहिता अध्ययन छन् गर्ने :निर्वाचन परिणाम तथा दलको समग्र कार्यसम्पादनका सन्दर्भमा पार्टी नेतृत्वले कत्तिको जिम्मेवारी र जवाफदेहिता वहन गर्छ भन्ने विषयको अध्ययन गर्ने ।

## साहित्य समीक्षा

### आन्तरिक पार्टी लोकतन्त्रसम्बन्धी सैद्धान्तिक दृष्टिकोण

आन्तरिक पार्टी लोकतन्त्र भन्नाले राजनीतिक दलभित्र निर्णय प्रक्रियालाई केही शीर्ष नेताको सीमित नियन्त्रणबाट बाहिर निकाल्दै साधारण सदस्य, कार्यकर्ता तथा अन्य सरोकारवालाहरूको सक्रिय सहभागितामा आधारित बनाउने अभ्यासलाई जनाउँछ (Bhatia, 2022)। आन्तरिक पार्टी लोकतन्त्रले राजनीतिक दलभित्र हुने सहभागी र पारदर्शी निर्णय-प्रक्रियालाई समेट्छ। यसमा नेतृत्व चयन, नीति निर्माण, उम्मेदवार छनोट, तथा आर्थिक उत्तरदायित्व जस्ता विषयहरू समावेश हुन्छन् ।(Scarrow, 2020) काअनुसार आन्तरिक लोकतन्त्रले दलको वैधता र विश्वसनीयतालाई सुदृढ बनाउँछ, तर कहिलेकाहीँ यसले दलभित्र आन्तरिक विभाजन पनि उत्पन्न गर्न सक्छ। (Katz, 1995)को कार्टेल पार्टी सिद्धान्तअनुसार राजनीतिक दलहरूले कहिलेकाहीँ आधारभूत कार्यकर्ता र सदस्यहरूको सहभागिताभन्दा पनि अभिजात वर्गबीचको सहकार्यलाई प्राथमिकता दिन सक्छन् ।

### नेपालमा अभिजात वर्गको प्रभुत्व

नेपालको राजनीतिक विकासलाई जनसहभागितामा आधारित संस्थागत विकासभन्दा पनि अभिजात वर्गबीचको सहमतिद्वारा प्रभावित भएको रूपमा व्याख्या गरेका छन् ।(Pyakurel, 2022)का अनुसार नेपालका धेरै राजनीतिक दलहरूले परम्परागत अधिकारको निरन्तरता र शीर्ष नेताहरूको प्रभुत्वका कारण केन्द्रीकृत संगठनात्मक संरचना कायम राखेका छन् । यस प्रकारको शक्ति केन्द्रीकरणले आन्तरिक लोकतन्त्रीकरणलाई सीमित बनाउँछ, जसका कारण तल्लो तहका सदस्यहरूको सहभागिता कम हुन्छ र नयाँ नेतृत्वको उदयमा अवरोध उत्पन्न हुन्छ।

यसका अतिरिक्त, गुटगत प्रतिस्पर्धा तथा सीमित नेताहरूको प्रभुत्वले साधारण सदस्यहरूको सक्रिय संलग्नतालाई निरुत्साहित गर्छ र दलभित्र लोकतान्त्रिक अभ्यासलाई कमजोर बनाउँछ।(Kafle Dol Raj,

2024) काअनुसार नेपालका राजनीतिक दलहरू प्रायः श्रेणीबद्ध संरचनामा सञ्चालन हुन्छन्, जहाँ निर्णयहरू सीमित शीर्ष नेतृत्वबाट मात्रै हुने गर्छन् र आधारभूत तहका सदस्यहरू पर्याप्त रूपमा संलग्न हुँदैनन् । यस्तो अवस्थाले साधारण सदस्यहरूको निर्णय प्रक्रियामा सहभागी हुने अधिकार कमजोर बनाउँछ र दलभित्रको लोकतान्त्रिक शासनलाई कमजोर पार्छ । संघीय संरचना लागू भएपछि पनि प्रमुख राजनीतिक दलहरूमा नेतृत्व पदहरू अझै पनि दीर्घकालीन गुटीय आधार भएका स्थापित व्यक्तिहरूकै नियन्त्रणमा रहेका छन्(Thapa, 2025)। धेरैजसो अवस्थामा नेतृत्व प्रतिस्पर्धा खुला प्रतिस्पर्धाबाट नभई आपसी सहमतिमार्फत टुंग्याइने गरेको पाइन्छ।

## उम्मेदवार छनोट

नेतृत्वमा निरन्तर रहिरहनका लागि के.पी. ओलीले पार्टी विधानमा रहेको ७० वर्षे उमेर हद र दुई कार्यकालको सीमालाई संशोधन गरेर पहिले नै मार्ग प्रशस्त गरेका थिए। पश्चिमा लोकतान्त्रिक देशहरूमा विभिन्न आन्तरिक निर्णय-प्रक्रियाहरू जस्तै उम्मेदवार छनोट, नेतृत्व चयन तथा नीति निर्माणमा पार्टी सदस्यहरूको प्रत्यक्ष सहभागिता बढाउने अभ्यास देखिन्छ। उदाहरणका लागि, सन् २०१४ मार्चमा बेलायतको श्रमिक पार्टीले आफ्नो नेतृत्व चयन प्रक्रिया परिमार्जन गरी पूर्ण सदस्यता मत प्रणाली लागु गरेको थियो, जसमा पूर्ण सदस्य, सम्बद्ध सदस्य तथा दर्ता भएका समर्थकहरू सहभागी हुन सक्ने व्यवस्था गरिएको थियो । यस प्रकारका परिवर्तनहरूले पार्टी संगठनको संरचना तथा कार्यकर्ता र सदस्यहरूको भूमिकामा महत्वपूर्ण परिवर्तन ल्याएका छन् ।नेपालमा उम्मेदवार छनोट प्रक्रिया प्रायः केन्द्रीकृत हुन्छ। जिल्ला समितिहरूले नाम सिफारिस गरे पनि अन्तिमनिर्णय केन्द्रीय नेतृत्वले गर्ने चलन रहेको छ। यसले राज्याभिषेकसम्बन्धी मतपत्र संस्कृतिलाई बढावा दिन्छ, जहाँ वास्तविक प्रतिस्पर्धा नभई सहमतिका उम्मेदवारहरूलाई अनुमोदन गरिन्छ।

जेन्जी आन्दोलनपछि बदलिएको राजनीतिक सन्दर्भले दलभित्र आन्तरिक लोकतन्त्र, रूपान्तरण, पुस्तान्तरणमा आधारित नेतृत्व विकास तथा संगठनात्मक पुनर्संरचनाको आवश्यकता उजागर गरेको छ।यसै सन्दर्भमा नेकपा (एमाले)का अध्यक्ष के.पी. शर्मा ओलीले निर्धारित समयभन्दा एक वर्षअघि नै महाधिवेशन आयोजना गरेर पुनः नेतृत्व अनुमोदन गराएका थिए। जेन्जी आन्दोलनको समयमा उनी पार्टी र सरकार दुवैको नेतृत्वमा रहेकाले महाधिवेशनलाई आफ्नो शक्ति पुनःस्थापनाका लागि रणनीतिक रूपमा प्रयोग गरेका थिए।यस कदमअघि पार्टीभित्रैबाट नयाँ नेतृत्वका लागि मार्ग प्रशस्त गर्न ओलीले राजीनामा दिनुपर्ने आवाज उठेको थियो। त्यस्तै, सरकारको सहयात्री दल नेपाली कांग्रेसभित्र पनि समान परिस्थिति देखिएको

थियो । तर पार्टीको संस्थापन पक्षले तत्काल महाधिवेशन गर्ने साहस देखाउन सकेन। पछि महामन्त्रीहरू गगनकुमार थापा र विश्वप्रकाश शर्माको पहलमा विशेष महाधिवेशनको प्रक्रिया अघि बढाइएको थियो ।नेकपा (एमाले) को ११औँ राष्ट्रिय महाधिवेशनले नेतृत्व परिवर्तन तथा आन्तरिक लोकतन्त्र सुदृढ गर्ने अपेक्षा पूरा गर्न सकेन। यसले पार्टीभित्र नेतृत्व विकास, पुस्तान्तरण तथा अवकाशको संस्कृतिको अभावलाई स्पष्ट रूपमा उजागर गरेको छ।

## समावेशिता र समानुपातिक प्रतिनिधित्व

आन्तरिक पार्टी लोकतन्त्रको एक महत्वपूर्ण आयाम समावेशिता र समानुपातिक प्रतिनिधित्व हो। लोकतान्त्रिक राजनीतिक दलहरूले समाजका विभिन्न जाति, लिङ्ग, वर्ग, क्षेत्र तथा समुदायहरूको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्छ। प्रतिनिधित्व केवल संख्यात्मक उपस्थितिमा सीमित नभई निर्णय प्रक्रियामा प्रभावकारी सहभागितासँग पनि सम्बन्धित हुन्छ। नेपालको संविधान, २०७२ तथा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ ले राजनीतिक दलहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेसी तथा अन्य सीमान्तकृत समुदायहरूको समावेशी प्रतिनिधित्व सुनिश्चित गर्ने व्यवस्था गरेका छन् । यसका परिणामस्वरूप दलहरूको संगठनात्मक संरचनामा विविध समूहहरूको सहभागिता विस्तार हुँदै गएको देखिन्छ।वि.सं. २०८३ सम्मका उपलब्ध तथ्याङ्कहरूको आधारमा नेपालका प्रमुख राजनीतिक दलहरूको केन्द्रीय संरचनाको विश्लेषण गर्दा समावेशी प्रतिनिधित्वमा केही प्रगति भएको देखिन्छ। नेपाली कांग्रेसको १३५ सदस्यीय केन्द्रीय समितिमा ९० जना पुरुष (६८ प्रतिशत) र ४५ जना महिला (३३ प्रतिशत) रहेका छन् । त्यस्तै, ११ जना दलित (८.१ प्रतिशत), २२ जना मधेसी (१६.३ प्रतिशत) र २९ जना जनजाति (२१.५ प्रतिशत) सदस्य रहेका छन् भने खस-आर्य समुदायको प्रतिनिधित्व ७३ जना (५४.१ प्रतिशत) रहेको छ।नेकपा(एमाले) को ३०१ सदस्यीय केन्द्रीय समितिमा १९६ जना पुरुष (६५.१ प्रतिशत) र १०५ जना महिला (३४.९ प्रतिशत) रहेका छन्। यस समितिमा १४ जना दलित (४.७ प्रतिशत), ३४ जना मधेसी (११.३ प्रतिशत) र ६२ जना जनजाति (२०.५ प्रतिशत) सदस्य रहेका छन् भने खस-आर्य समुदायको प्रतिनिधित्व १९१ जना (६३.५ प्रतिशत) रहेको छ।

त्यसैगरी, नेपाली कम्युनिस्ट पार्टीको १३८ सदस्यीय केन्द्रीय समितिमा ९२ जना पुरुष (६६.७ प्रतिशत) र ४६ जना महिला (३३.३ प्रतिशत) रहेका छन् । दलित समुदायका ४ जना (२.९ प्रतिशत), मधेसी समुदायका १८ जना (१३ प्रतिशत) तथा जनजाति समुदायका ३१ जना (२२.५ प्रतिशत) सदस्य रहेका छन् भने खस-आर्य समुदायको प्रतिनिधित्व ८५ जना (६१.६ प्रतिशत) रहेको छ।राष्ट्रिय स्वतन्त्र पार्टीको ६२ सदस्यीय केन्द्रीय समितिमा ३९ जना पुरुष (६२.९ प्रतिशत) र २३ जना महिला (३७.१

प्रतिशत) रहेका छन् । यस समितिमा ३ जना दलित (४.८ प्रतिशत), ६ जना मधेसी (९.७ प्रतिशत) र १२ जना जनजाति (१९.४ प्रतिशत) सदस्य रहेका छन् भने खस-आर्य समुदायको प्रतिनिधित्व ४१ जना (६६.१ प्रतिशत) रहेको छ(Nepal, 2026)।उपरोक्त तथ्याङ्कहरूले राजनीतिक दलहरूमा महिला तथा विभिन्न सामाजिक समुदायहरूको प्रतिनिधित्व विगतको तुलनामा विस्तार भएको देखाए पनि नेतृत्व संरचनामा खस-आर्य समुदायको प्रभुत्व अझै कायम रहेको संकेत गर्छन् । विशेषतः दलित समुदायको प्रतिनिधित्व सबै दलहरूमा न्यून देखिन्छ, जसले समावेशिताको गुणस्तरमाथि प्रश्न उठाउँछ। त्यसैगरी, महिलाको सहभागिता ३३ देखि ३७ प्रतिशतसम्म पुगेको भए पनि उनीहरूको प्रभावकारी भूमिका नीति निर्माण, निर्णय प्रक्रिया तथा शीर्ष नेतृत्व तहमा अपेक्षाकृत सीमित रहेको पाइन्छ।

नेपालका राजनीतिक दलहरूमा समावेशिता प्रायः संख्यात्मक प्रतिनिधित्वमा सीमित हुने गरेको छ र वास्तविक शक्ति संरचना भने परम्परागत नेतृत्व समूहकै नियन्त्रणमा रहने गरेको छ। यस दृष्टिकोणले प्रतिनिधित्व र शक्ति वितरणबीचको अन्तरलाई स्पष्ट रूपमा उजागर गर्दछ।यसरी हेर्दा नेपालका राजनीतिक दलहरूले संवैधानिक तथा कानुनी व्यवस्थाअनुसार समावेशी प्रतिनिधित्वलाई संस्थागत गर्ने प्रयास गरेका भए पनि सार्थक प्रतिनिधित्व अझै पूर्ण रूपमा सुनिश्चित हुन सकेको देखिँदैन। आन्तरिक लोकतन्त्रलाई सुदृढ बनाउन संख्यात्मक समावेशितासँगै महिलाहरू, दलितहरू, मधेसीहरू, जनजातिहरू तथा अन्य सीमान्तकृत समुदायहरूको नीति निर्माण, नेतृत्व चयन तथा निर्णय प्रक्रियामा प्रभावकारी सहभागिता सुनिश्चित गर्नु आवश्यक छ। यसले मात्र राजनीतिक दलहरूलाई अधिक लोकतान्त्रिक, उत्तरदायी र प्रतिनिधिमूलक संस्थाका रूपमा विकास गर्न सहयोग पुऱ्याउनेछ।

## उदाउँदै गरेका डिजिटल र सुधारमुखी प्रवृत्तिहरू

(Adhikari, 2024)काअनुसार राजनीतिक दलहरूमा आन्तरिक लोकतन्त्रको अभावले शीर्ष नेतृत्व र तल्लो तहका समर्थकहरूबीच दूरी बढाएको छ। यसले सदस्यहरूको उत्साह घटाउनुका साथै निर्णय प्रक्रियामा उनीहरूको भूमिकालाई सीमित बनाएको छ। साथै संरक्षणवाद र व्यक्तिगत निष्ठामा आधारित राजनीतिक संस्कृतिले विचारधारात्मक प्रतिबद्धता र लोकतान्त्रिक प्रक्रियालाई कमजोर बनाउँदै दलहरूमा उत्तरदायित्व घटाएको छ ।

(Katuwal, 2023) ले राजनीतिक दलहरूले अझ लोकतान्त्रिक आन्तरिक संरचना विकास गर्नुपर्ने आवश्यकता औंल्याएका छन्। उनका अनुसार यसका लागि पारदर्शी निर्णय प्रक्रिया, नियमित रूपमा आन्तरिक निर्वाचनको आयोजना तथा सबै सदस्यहरूले आफ्ना विचार व्यक्त गर्न सक्ने मञ्चहरूको विकास

आवश्यक छ। यस्तो अभ्यासले राजनीतिक दलहरूको कार्यक्षमता वृद्धि गर्नुका साथै दलप्रति जनविश्वास पनि सुदृढ बनाउने अपेक्षा गरिएको छ।नेपालमा समावेशिता र सहभागितामूलक राजनीतिक संस्कृतिको आवश्यकता बढ्दै गएको छ। यसले राजनीतिक दलहरूलाई आफ्नो संगठनात्मक कार्यप्रणाली पुनरावलोकन गर्दै थप लोकतान्त्रिक र सहभागी प्रणाली अवलम्बन गर्न प्रेरित गरेको छ।हालका वर्षहरूमा नेपाली कांग्रेस र नेकपा (एमाले) जस्ता प्रमुख दलहरूमा एउटै पुस्ता र नेतृत्व लामो समयदेखि कायम रहँदा जनस्तरमा असन्तुष्टि बढ्दै गएको देखिन्छ। यसले विशेषगरी युवापुस्ता र जेन्जी समूहहरूलाई नयाँ राजनीतिक विकल्पको खोजीतर्फ प्रेरित गरेको छ। यही सन्दर्भमा नयाँ स्थापित राष्ट्रिय स्वतन्त्र पार्टीको उदयलाई जनअसन्तुष्टि र तल्लो तहका कार्यकर्ताहरूको निराशासँग जोडेर हेर्ने गरिएको छ।राष्ट्रिय स्वतन्त्र पार्टीले डिजिटल परामर्श, आन्तरिक सर्वेक्षण तथा अनलाइन सहभागितामूलक अभ्यासहरू प्रयोग गर्ने प्रयास गरेको छ। यद्यपि यी अभ्यासहरू अझै प्रारम्भिक चरणमै रहेका छन्, तर यसले भविष्यमा राजनीतिक दलहरूभित्र थप सहभागितामूलक र समावेशी आन्तरिक संयन्त्रहरूको विकास हुने सम्भावनालाई संकेत गर्दछ।

## अनुसन्धान विधि

यस अध्ययनमा राजनीतिक दलहरूभित्र आन्तरिक लोकतन्त्रको अवस्थालाई विश्लेषण गर्न गुणात्मक अनुसन्धान विधि अपनाइएको छ। अध्ययन मुख्य रूपमा द्वितीयक तथ्याङ्क मा आधारित रहेको छ। राजनीतिक दलका आधिकारिक विधान, निर्वाचन आयोगका प्रतिवेदन, सरकारी दस्तावेज, विद्वतापूर्ण लेख, अनुसन्धान प्रतिवेदन तथा विश्वसनीय सञ्चारमाध्यमका सामग्रीहरूलाई प्रमुख स्रोतका रूपमा प्रयोग गरिएको छ।संकलित तथ्याङ्कहरूको विश्लेषणका लागि विषयवस्तुगत विश्लेषण विधि प्रयोग गरिएको छ। यसअन्तर्गत आन्तरिक लोकतन्त्रका प्रमुख आयामहरू जस्तै नेतृत्व चयन प्रक्रिया, उम्मेदवार मनोनयन, निर्णय प्रक्रिया, समावेशिता, आर्थिक पारदर्शिता तथा नेतृत्वको जवाफदेहितालाई आधारभूत विश्लेषण एकाइका रूपमा लिइएको छ ।अध्ययनमा नेपालका प्रमुख राजनीतिक दलहरू– राष्ट्रिय स्वतन्त्र पार्टी,नेपाली कांग्रेस, नेकपा ( एमाले) तथा नेपाली कम्युनिस्ट पार्टीलाई केस अध्ययनका रूपमा समावेश गरिएको छ। यी दलहरूको संरचना, अभ्यास र नीतिगत व्यवहारको तुलनात्मक विश्लेषण गरी आन्तरिक लोकतन्त्रको अवस्थाबारे निष्कर्ष निकालिएको छ । तथ्याङ्क विश्लेषणका क्रममा उपलब्ध गुणात्मक जानकारीलाई व्याख्यात्मक ढाँचामा प्रस्तुत गरिएको छ, जसले दलभित्र देखिने शक्ति सम्बन्ध, निर्णय केन्द्रिकरण र सहभागिताको स्तरलाई स्पष्ट रूपमा बुझ्न सहयोग पुऱ्याएको छ।यसरी, अध्ययनले द्वितीयक स्रोतहरूमा आधारित

गुणात्मक विश्लेषणमार्फत नेपालका राजनीतिक दलहरूभित्र आन्तरिक लोकतन्त्रको अवस्था, चुनौती र सम्भावनाहरूको समग्र चित्र प्रस्तुत गर्ने प्रयास गरेको छ।

## अध्ययनका सीमितता

यो अध्ययन मुख्य रूपमा द्वितीयक स्रोतहरूमा आधारित गुणात्मक अनुसन्धान भएकाले प्रत्यक्ष क्षेत्रीय तथ्याङ्क संकलन गरिएको छैन। त्यसैले राजनीतिक दलभित्रका अनौपचारिक शक्ति सम्बन्ध, गुटगत सञ्जाल तथा वास्तविक निर्णय प्रक्रियाका सूक्ष्म पक्षहरू पूर्ण रूपमा उजागर हुन सकेका छैनन् ।अध्ययन केही प्रमुख राजनीतिक दलहरूमा मात्र केन्द्रित भएकाले नेपालको सम्पूर्ण दलगत प्रणालीमा यसका निष्कर्षलाई पूर्ण रूपमा सामान्यीकरण गर्न सीमितता रहन्छ। साना तथा क्षेत्रीय दलहरूको आन्तरिक अभ्यास यसमा समावेश गरिएको छैन।त्यसैगरी, आन्तरिक लोकतन्त्रजस्ता जटिल विषयहरू सार्वजनिक दस्तावेज र औपचारिक प्रतिवेदनमार्फत मात्र विश्लेषण गर्दा वास्तविक व्यवहार र औपचारिक संरचनाबीचको अन्तर पूर्ण रूपमा स्पष्ट गर्न कठिन हुन्छ। केही सूचनाहरू गोप्य वा सीमित पहुँचमा रहेका कारण विश्लेषण आंशिक रूपमा मात्र उपलब्ध डाटामा आधारित भएको छ।समयगत परिवर्तनशीलता पनि अर्को महत्वपूर्ण सीमितता हो, किनकि राजनीतिक दलहरूको नेतृत्व संरचना, शक्ति सन्तुलन र नीतिगत अभ्यासहरू समयसँगै परिवर्तन भइरहन्छन् । यसले अध्ययनलाई निश्चित समयावधिमा मात्र सीमित बनाएको छ।अन्ततः अध्ययनमा मात्रात्मक मापनको अभावका कारण निर्णय प्रक्रियाको प्रभावकारिता, सहभागिताको स्तर र पारदर्शिताको सटीक मापन गर्न सकिएको छैन। यी सीमितताहरूका बाबजुद पनि अध्ययनले नेपालका राजनीतिक दलहरूभित्र आन्तरिक लोकतन्त्रको समग्र अवस्था बुझ्न महत्वपूर्ण आधार प्रदान गर्दछ।

## परिणाम र छलफल

यस अध्ययनले नेपालका प्रमुख राजनीतिक दलहरूभित्रको आन्तरिक लोकतन्त्रको अवस्थालाई नेतृत्व चयन, निर्णय प्रक्रिया, उम्मेदवार मनोनयन, समावेशिता, आर्थिक पारदर्शिता तथा जवाफदेहिताका आधारमा विश्लेषण गरेको छ । उपलब्ध द्वितीयक स्रोतहरूको अध्ययनबाट अधिकांश राजनीतिक दलहरूमा लोकतान्त्रिक संरचना औपचारिक रूपमा स्थापित भए पनि यसको व्यवहारिक अभ्यासमा विभिन्न चुनौतीहरू विद्यमान रहेको देखिन्छ।सबैभन्दा पहिले, नेतृत्व चयन प्रक्रियाको विश्लेषण गर्दा दलहरूको

विधानले निर्वाचनमार्फत नेतृत्व चयन गर्ने व्यवस्था गरेको पाइन्छ। तथापि, व्यवहारमा शीर्ष नेतृत्वको प्रभाव अत्यधिक रहने, सहमतिका नाममा प्रतिस्पर्धा सीमित हुने तथा एउटै नेतृत्व समूह लामो समयसम्म कायम रहने प्रवृत्ति देखिन्छ। विशेषगरी नेपाली कांग्रेस, नेकपा (एमाले) तथा नेपाली कम्युनिस्ट पार्टीजस्ता दलहरूमा नेतृत्वको पुनरुत्पादन सीमित समूहभित्र केन्द्रित रहेको पाइन्छ। यसले दलभित्र नयाँ नेतृत्वको विकास तथा सदस्यहरूको प्रभावकारी सहभागितामा अवरोध सिर्जना गरेको देखिन्छ।

निर्णय प्रक्रियाको सन्दर्भमा पनि औपचारिक रूपमा केन्द्रीय समिति, सचिवालय तथा विभिन्न तहका समितिहरूको व्यवस्था भए तापनि महत्वपूर्ण राजनीतिक तथा संगठनात्मक निर्णयहरू प्रायः शीर्ष नेतृत्वद्वारा केन्द्रित रूपमा लिइने गरेको देखिन्छ। यसले तल्लो तहका कार्यकर्ता तथा साधारण सदस्यहरूको निर्णय प्रक्रियामा प्रभाव सीमित बनाएको छ। अध्ययनका क्रममा प्राप्त तथ्यहरूले दलहरूमा सहभागितामूलक निर्णय प्रक्रियाको अपेक्षा र व्यवहारबीच उल्लेखनीय अन्तर रहेको संकेत गरेका छन् ।

उम्मेदवार मनोनयन प्रक्रियामा पनि समान प्रकृतिका चुनौतीहरू देखिन्छन् । विधानतः विभिन्न तहबाट सिफारिस तथा छनोटको व्यवस्था भए पनि अन्तिम निर्णयमा शीर्ष नेतृत्व वा सीमित नेतृत्व समूहको प्रभाव बलियो रहने गरेको पाइन्छ। यसले योग्यता, कार्यसम्पादन तथा जनआधारभन्दा गुटीय सन्तुलन र नेतृत्वसँगको निकटतालाई प्राथमिकता दिने प्रवृत्तिको विकास गरेको देखिन्छ। परिणामस्वरूप दलभित्र प्रतिस्पर्धात्मक तथा पारदर्शी राजनीतिक संस्कृतिको विकासमा बाधा पुगेको छ।समावेशिताको दृष्टिकोणबाट हेर्दा नेपालको संविधान तथा कानुनी व्यवस्थाले महिला, दलित, आदिवासी जनजाति, मधेसी तथा अन्य सीमान्तकृत समुदायहरूको प्रतिनिधित्व सुनिश्चित गर्ने आधार निर्माण गरेका छन् । राजनीतिक दलहरूले पनि आफ्ना संगठनात्मक संरचनामा समावेशी प्रतिनिधित्वलाई संस्थागत गर्ने प्रयास गरेका छन्। यद्यपि, अध्ययनले देखाएअनुसार यी समूहहरूको प्रतिनिधित्व प्रायः संख्यात्मक उपस्थितिमा सीमित रहने तथा निर्णय प्रक्रियामा उनीहरूको प्रभावकारी भूमिका अझै कमजोर रहेको देखिन्छ। यसले समावेशिताको गुणात्मक पक्षलाई थप सुदृढ गर्नुपर्ने आवश्यकता औंल्याउँछ।

आर्थिक पारदर्शिता तथा जवाफदेहिताको क्षेत्रमा पनि चुनौतीहरू विद्यमान छन् । दलहरूले आर्थिक प्रतिवेदन सार्वजनिक गर्ने कानुनी दायित्व वहन गरे पनि आयस्रोत, खर्च व्यवस्थापन तथा आर्थिक निर्णय प्रक्रियामा पूर्ण पारदर्शिता कायम हुन नसकेको देखिन्छ। आर्थिक स्रोतहरूको व्यवस्थापनमा सीमित नेतृत्वको नियन्त्रण रहने तथा सार्वजनिक निगरानी अपेक्षाकृत कमजोर हुने अवस्था अध्ययनबाट संकेत भएको छ । यसले राजनीतिक दलहरूप्रति जनविश्वासमा नकारात्मक प्रभाव पार्न सक्ने सम्भावना देखाउँछ ।अध्ययनले हालका वर्षहरूमा नेपाली राजनीतिमा केही नयाँ प्रवृत्तिहरू पनि विकसित भइरहेको देखाएको छ। विशेषगरी

युवापुस्ताको राजनीतिक सहभागिता, डिजिटल सञ्चार प्रविधिको प्रयोग तथा आन्तरिक परामर्श प्रणालीप्रतिको रुचि बढ्दै गएको छ। राष्ट्रिय स्वतन्त्र पार्टीजस्ता नयाँ दलहरूले डिजिटल माध्यममार्फत सदस्यहरूको राय सङ्कलन, अनलाइन परामर्श तथा सहभागितामूलक अभ्यासहरू सुरु गरेका छन् । यद्यपि यी अभ्यासहरू प्रारम्भिक चरणमा रहे पनि भविष्यमा राजनीतिक दलहरूको आन्तरिक लोकतन्त्रलाई थप सुदृढ बनाउन सक्ने सम्भावना देखिन्छ।समग्र रूपमा, अध्ययनले नेपालका राजनीतिक दलहरूमा आन्तरिक लोकतन्त्रको संस्थागत आधार विद्यमान भए पनि व्यवहारिक अभ्यासमा नेतृत्वकेन्द्रीकरण, सीमित सहभागिता, कमजोर पारदर्शिता तथा आंशिक समावेशिताजस्ता चुनौतीहरू अझै कायम रहेको निष्कर्ष प्रस्तुत गर्दछ। लोकतान्त्रिक राजनीतिक संस्कृतिको सुदृढीकरणका लागि नियमित आन्तरिक निर्वाचन, पारदर्शी निर्णय प्रक्रिया, सदस्यहरूको प्रभावकारी सहभागिता, आर्थिक जवाफदेहिता तथा नयाँ नेतृत्व विकासलाई प्राथमिकता दिन आवश्यक देखिन्छ। यस्ता सुधारहरूले राजनीतिक दलहरूको संस्थागत क्षमता अभिवृद्धि गर्नुका साथै लोकतान्त्रिक शासन प्रणालीप्रति जनविश्वासलाई समेत सुदृढ बनाउन सहयोग पुऱ्याउनेछन् ।

## सिफारिसः

नेपालको लोकतान्त्रिक प्रणाली चुनावमार्फत संस्थागत रूपमा मजबुत भए पनि राजनीतिक दलहरूको आन्तरिक लोकतन्त्र अझै कमजोर देखिन्छ। नेतृत्वमा दीर्घकालीन पकड, निर्णय प्रक्रियामा सीमित व्यक्तिहरूको प्रभुत्व र पारदर्शिताको कमीले बाह्य लोकतन्त्र मात्र पर्याप्त हुँदैन भन्ने धारणा बलियो बनाएको छ। त्यसैले दलभित्र सुधार नगरी समग्र लोकतान्त्रिक प्रणाली सुदृढ हुन सक्दैन। यस सन्दर्भमा निम्न संरचनात्मक सुधारहरू आवश्यक देखिन्छन् ।

**अनिवार्य कार्यकाल सीमा** : दलका प्रमुख पदहरूमा निश्चित रूपमा दुई कार्यकालको सीमा लागु गर्नुपर्छ। यसले “सदैवका नेता” बन्ने प्रवृत्तिलाई रोक्दै नेतृत्वमा नियमित परिवर्तन सुनिश्चित गर्छ । नेपालका धेरै दलहरूमा कार्यकाल सीमा कागजमा उल्लेख भए पनि विशेष परिस्थिति वा सहमतिका नाममा निरन्तर नेतृत्व दोहोरिने अभ्यास देखिन्छ, जसले यसको प्रभावकारिता कमजोर बनाएको छ। त्यसैले कार्यकाल सीमा बाध्यकारी र अपवादरहित बनाउन आवश्यक छ

**प्रारम्भिक निर्वाचन प्रणाली** : उम्मेदवार छनोट प्रक्रियालाई तलदेखि माथिसम्म लैजाने उद्देश्यले स्थानीय तहदेखि नै प्रारम्भिक निर्वाचन प्रणाली अपनाउनुपर्छ । यसले कार्यकर्ताको सहभागिता बढाउँछ र उम्मेदवार जनमुखी बन्ने वातावरण तयार गर्छ । नेपालमा हाल अधिकांश दलहरूमा उम्मेदवार छनोट महाधिवेशन

प्रतिनिधि वा केन्द्रित नेतृत्वबाट हुने भएकाले पारदर्शिता र सहभागिता सीमित छ। यद्यपि, पूर्ण रूपमा विदेशी शैलीको प्राइमरी प्रणाली तत्काल व्यवहारिक नहुन सक्छ, त्यसैले हाइब्रिड मोडेल उपयुक्त देखिन्छ।

**आर्थिक पारदर्शिता र डिजिटल निगरानी** : दलहरूको आन्तरिक कोष, चन्दा संकलन र चुनावी खर्चमा कडाइका साथ निगरानी गर्ने स्वतन्त्र नियामक वा अडिट प्रणाली स्थापना गर्नुपर्छ । डिजिटल पारदर्शिता प्रणाली लागु गरी सबै वित्तीय गतिविधि सार्वजनिक र अनुगमनयोग्य बनाउन सके भ्रष्टाचार र अपारदर्शिता घटाउन सकिन्छ।

**स्वतन्त्र छनोट तथा अडिट प्रणाली** : समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न गठन गरिने छनोट तथा जाँच समितिहरू स्वतन्त्र रूपमा अडिट गरिनुपर्छ । यसले पक्षपात, नातावाद र गुटबन्दीजस्ता विकृतिहरूलाई नियन्त्रण गर्न मद्दत गर्छ । निष्पक्ष मूल्याङ्कन प्रणाली बिना समावेशीता केवल औपचारिकतामा सीमित हुने जोखिम रहन्छ ।

**सामूहिक निर्णय र सहभागितामूलक नीति निर्माण** : दलहरूको निर्णय प्रक्रिया केही सीमित नेतामा केन्द्रित हुनुको सट्टा सबै तहका नेता, कार्यकर्ता र सरोकारवालाहरूको सहभागितामा आधारित हुनुपर्छ । छलफल, बहस र सहमतिको संस्कृति विकास गर्दा पारदर्शिता र जवाफदेहिता बढ्छ। साथै विविध अनुभव र विचार समेटिँदा नीति निर्माण अझ प्रभावकारी र समावेशी हुन्छ।

## निष्कर्ष

यस अध्ययनले नेपालको लोकतान्त्रिक विकासमा राजनीतिक दलहरूको आन्तरिक लोकतन्त्र निर्णायक तत्व रहेको स्पष्ट पारेको छ। राजनीतिक दलहरू लोकतन्त्रका प्रमुख संवाहक भए पनि अधिकांश दलहरूमा नेतृत्व चयन, उम्मेदवार मनोनयन तथा निर्णय प्रक्रियामा केन्द्रीकरणको प्रवृत्ति अझै विद्यमान रहेको देखिन्छ। दलहरूको विधान र कानुनी व्यवस्थाले लोकतान्त्रिक अभ्यासको आधार तयार गरे पनि व्यवहारमा सीमित नेतृत्व समूहको प्रभाव, गुटीय राजनीति तथा कमजोर संस्थागत सहभागिताले आन्तरिक लोकतन्त्रलाई चुनौती दिएको छ।अध्ययनले महिला, दलित, मधेसी, आदिवासी जनजाति तथा अन्य सीमान्तकृत समुदायहरूको प्रतिनिधित्व संख्यात्मक रूपमा बढेको देखाए पनि निर्णय प्रक्रियामा उनीहरूको प्रभावकारी सहभागिता अझै सीमित रहेको निष्कर्ष निकालेको छ। त्यसैगरी आर्थिक पारदर्शिता, नेतृत्वको जवाफदेहिता तथा नियमित आन्तरिक निर्वाचनको अभ्यास अपेक्षाकृत कमजोर रहेको पाइन्छ ।

हालका वर्षहरूमा डिजिटल सहभागिता, युवा नेतृत्वको माग तथा नयाँ राजनीतिक शक्तिहरूको उदयले दलभित्र सुधारको आवश्यकता अझ स्पष्ट बनाएको छ। यसले राजनीतिक दलहरूलाई थप सहभागी,

पारदर्शी र उत्तरदायी संरचना विकास गर्न प्रेरित गरेको देखिन्छ।समग्रमा नेपालको लोकतन्त्रको गुणस्तर राजनीतिक दलहरूको आन्तरिक लोकतान्त्रिक अभ्याससँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेको निष्कर्ष निकाल्न सकिन्छ। नियमित तथा निष्पक्ष आन्तरिक निर्वाचन, नेतृत्वमा कार्यकाल सीमा, आर्थिक पारदर्शिता, समावेशी प्रतिनिधित्व तथा सहभागी निर्णय प्रक्रियाको संस्थागत विकासमार्फत मात्र राजनीतिक दलहरूलाई थप लोकतान्त्रिक र जनउत्तरदायी बनाउन सकिन्छ। यस्ता सुधारहरूले नेपालको लोकतान्त्रिक शासन प्रणालीलाई थप सुदृढ, प्रभावकारी र विश्वासयोग्य बनाउन महत्वपूर्ण योगदान पुऱ्याउनेछन् ।

## सन्दर्भ सामग्री


अधिकारी,सुदीप (२०२४). नेपालको अन्तर्राष्ट्रिय छविको प्रस्तुतीकरण. ५(१), १५७-१७२ https://doi.org/10.3126/unityj.v5i1.63186.

कटुवाल,चन्दन (२०२३). व्यवस्थापनवादी दृष्टिकोणबाट नेपाली राजनीतिको समग्र समीक्षा. सहयात्रा, ६(१), १-२४ https://doi.org/10.3126/sahayaatra.v6i1.58399.

काफ्ले, दोलराज जी. एन. (२०२४). नेपालमा राज्य पुनर्संरचनाको सामाजिक प्रभाव. *ग्लोबल जर्नल अफ ह्युम्यानिटिज एन्ड सोसल साइन्सेस,* ३(५), १४-२४.

क्याट्ज,आर. एस. . (१९९५). दल संगठन र दल लोकतन्त्रका परिवर्तनशील मोडेलहरू. *पार्टी पोलिटिक्स,* १(१) ।https://doi.org/10.1177/1354068895001001001.

क्रस,डब्लु. पी. (२०१३). पार्टीभित्रको लोकतन्त्रका चुनौतीहरू. अक्सफोर्ड विश्वविद्यालय प्रेस.

थापा,शान्त बहादुर(२०२५). नेपालको राजनीतिक दलहरूमा गुटबन्दीको प्रभाव. *इन्टरनेशनल जर्नल अफ ह्युम्यानिटिज, एजुकेशन, एन्ड सोसल साइन्सेस,* ३(१), २६३-२७९.

नुजहात, ए. (२००४). उपभोक्ता संरक्षण सञ्जाल. इस्लामाबादः सेन्टर फर डेमोक्रेटिक गभर्नेन्स ।.

नेपाल, (२०२६). काठमाडौंः निर्वाचन आयोग नेपाल.

प्याकुरेल,उदय (२०२२). नेपालमा आन्तरिक-दल लोकतन्त्र. नेपालको लोकतान्त्रिक आत्मा जरा गाड्दै (पृ. ७९). काठमाडौं

बराल, लोकराज (२०१२). नेपालः नेसन-स्टेट इन द विल्डरनेस. नयाँ दिल्लीः सेज पब्लिकेशन्स.

भाटिया, एस. बी. (२०२२). दलभित्रको लोकतन्त्र. *जर्नल अफ पोलिटिकल फिलोसफी,* ३०(३), ३४७- ३६९ https://doi.org/10.1111/jopp.12270.

स्कारो. एस. ई. (२०२०). आन्तरिक-दल लोकतन्त्र र दलको एकताः विभिन्न नियमहरू, विभिन्न परिणामहरू.प्रतिनिधित्व, ५६(१), १-१५ ।https://doi.org/10.1080/00344893.2020.1785537